श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाईबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३८ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "लोक सेवा आयोग (कार्यविधि) (तेस्रो संशोधन) ऐन, २०३८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० को दफा २ मा संशोधनः लोक सेवा आयोग (कार्यविधि) ऐन, २०२० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (छ) झिकिएको छ।

(२) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

"(ञ) "संस्था" भन्नाले श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्था सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को,–

(१) उपदफा (६) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) प्रचलित कानून अनुसार गर्नुपर्ने विभागीय कारवाई समाप्त गरी त्यसको आधारमा ठहर हुनु पर्ने विभागीय सजायसमेत देखाई सम्बन्धित केस फाइलसाथ पठाउनु पर्नेछ ।"

(२) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः–

"(८) संविधानको धारा ७८ को उपधारा (३ क) अन्तर्गत संस्थाका कर्मचारीको सेवा, शर्तसम्बन्धी नियम र त्यस्तो संस्थाको सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाई गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा नियुक्ति गर्ने अधिकारीले आयोगको परामर्श लिंदा त्यस्तो संस्थासित सम्बन्धित मन्त्रालयमार्फत लिनु पर्नेछ र मन्त्रालयले पनि आफ्नो प्रतिक्रिया व्यक्त गर्न सक्नेछ ।"

४. मूल ऐनको दफा ५क. मा संशोधनः मूल ऐनको दफा ५ क. को सट्टा देहायको दफा ५क. राखिएको छ :–

"५ क. सुपर्यवेक्षणको व्यवस्थाः संविधानको धारा ७८ को उपधारा (३क.) बमोजिम आयोगको परामर्श लिइएको विषयमा सोबमोजिम भए नभएको सुपर्यवेक्षण गर्न आयोगले कुनै कर्मचारीलाई खटाउन सक्नेछ र त्यसरी कर्मचारी खटी आएमा निजको काममा सहयोग पुऱ्याउनु र निजले माग गरेबमोजिमको विवरण दिनु सम्बन्धित सबैको कर्तव्य हुनेछ । सुपर्यवेक्षण गर्दा संस्थाले सामान्य सिद्धान्त तथा नियमबमोजिम गरेको नदेखिएमा त्यस्तो कारवाईको सम्बन्धमा अन्तिम निर्णय गरी पालनाको लागि सम्बन्धित मन्त्रालयमार्फत आयोगले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।"

लालमोहर सदर मितिः–२०३८।५।३१।४

आज्ञाले–
हरिप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८